# बुढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा काठमाडौं,

बागमती प्रदेश, नेपाल

## सार्वजनिक सुनवाई कार्यक्रम

### आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति तथा
### चालु आ.व. २०८३।०८४ को भाद्र मसान्त सम्मको प्रगति

**मिति : २०८३ असोज १७ गते शनिवार**

**स्थान : बुढानीलकण्ठ नगरपालिका**

आजको यस सार्वजनिक सुनवाई कार्यक्रमका सभाध्यक्ष एवं बुढानीलकण्ठ नगरपालिकाका श्रीमान नगरप्रमुखज्यू, नगर उपप्रमुखज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरू, नगर कार्यपालिकाका सदस्यज्यूहरू, नगर सभाका सदस्यज्यूहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिज्यूहरू, उपभोक्ता समितिका पदाधिकारीज्यूहरू, टोल विकास संस्थाका प्रतिनिधिज्यूहरू, शिक्षक, स्वास्थ्यकर्मी, निजी क्षेत्र, सहकारी तथा आमा समूहका प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, नगरपालिकाका कर्मचारी साथीहरू तथा यस कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय नगरवासी आमाबुवा दिदीबहिनी तथा दाजुभाइहरू,

सर्वप्रथम म यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको हैसियतले यस सार्वजनिक सुनवाई कार्यक्रममा पाल्नुभएका सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्न चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरेको छ। जनताको नजिकको सरकार भएकाले यसको जवाफदेहिता पनि सबैभन्दा प्रत्यक्ष र तत्काल अनुभूत हुने प्रकृतिको हुन्छ। नगरपालिकाले के गर्‍यो कति बजेट खर्च गर्‍यो, कुन काम सम्पन्न भयो, कुन काम किन अधुरो रह्यो र आगामी दिनमा के गर्दैछ भन्ने विषयमा नगरवासीलाई प्रत्यक्ष जानकारी दिनु र यहाँहरूबाट पृष्ठपोषण लिनु हाम्रो कानूनी दायित्व मात्र होइन, नैतिक कर्तव्य पनि हो। यही भावनाका साथ आज हामी गत आर्थिक वर्ष २०८२/०८३ र चालु आ.व.को भाद्र मसान्तसम्म सम्पन्न भएका कार्यहरूको लेखाजोखा तपाईंहरू समक्ष प्रस्तुत गर्न उपस्थित भएका छौं।

यस अवसरमा म नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमादेखि कार्यान्वयनसम्म निरन्तर मार्गदर्शन गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरू तथा सम्पूर्ण जनप्रतिनिधिज्यूहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, विकास निर्माणमा साझेदारी गर्नुहुने उपभोक्ता समिति, टोल विकास संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समर्पित भावले काम गर्ने कर्मचारी साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु।

नगरपालिकाले **"स्वच्छ शान्त पर्यटकीय नगर बुढानीलकण्ठ"** भन्ने दीर्घकालीन सोचका साथ आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत नगरको समग्र विकासलाई अघि बढाइएको छ।

**म अब नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ र चालु आ.व.को भाद्र मसान्तसम्म सम्पन्न भएका कार्यहरुको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्न अनुमती चाहान्छु ।**

**आम्दानी तथा खर्चतर्फ**

**खर्च तर्फ,**

- समग्रमा, गत आर्थिक वर्ष २०८२/०८३ मा ३ अर्ब ४५ करोड बजेट विनियोजनमा १ अर्ब ९४ करोड ९० लाख ५२ हजार १ सय ५० अर्थात ५७.२६ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।
- यस चालु आर्थिक वर्ष २०८३/०८४ मा ३ अर्ब ४५ करोड बजेट विनियोजन भएकोमा ३१ करोड १६ लाख ३९ हजार २ सय नौ अर्थात ९.३७ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

**आम्दानी तर्फ,**

- नगरपालिकाको आम्दानीका मुख्य स्रोतहरूमा आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट रहेका छन्। आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न स्रोतबाट कुल रु.३ अर्ब २६ करोड १८ लाख ४५ हजार ९ सय ७३ रुपैया आम्दानी प्राप्त भएको थियो ।
- यस चालु आर्थिक वर्ष २०८३/०८४ मा ६५ करोड १२ लाख ६४ हजार २ रूपैया आम्दानी प्राप्त भएको छ।

**आन्तरिक राजस्व**

- आन्तरिक राजस्व नगरपालिकाको आत्मनिर्भरताको आधार हो । आर्थिक वर्ष २०८२/०८३ मा आन्तरिक राजस्वतर्फ रु. ५५ करोड राजस्व उठ्ने अनुमान गरिकोमा ५३ करोड ७ लाख १४ हजार ३ सय असी रूपैया ७८ पैसा राजस्व सङ्कलन भएको थियो जुन राजस्व संकलन लक्ष्यको ९६.४९ प्रतिशत हो ।
- यस चालु आर्थिक वर्ष २०८३/०८४ मा आन्तरिक राजस्वतर्फ रु ५८ करोड राजस्व उठ्ने अनुमान गरिकोमा हालसम्म १८ करोड २१ लाख ८८ हजार २ सय ६९ रूपैया ३४ पैसा राजस्व सङ्कलन भएको छ जुन राजस्व संकलन लक्ष्यको ३१.४१ प्रतिशत हो ।

**अब म आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रमले निर्धारण गरेका विषयक्षेत्रहरूमा हासिल भएका प्रमुख उपलब्धिहरू संक्षेपमा प्रस्तुत गर्दछु ।**

## सुशासन, सेवा प्रवाह, प्रशासन र संस्थागत क्षमता विकासतर्फ

- **बुढानीलकण्ठ नगरपालिकालाई 'उत्कृष्ट नगरपालिका पुरस्कार–२०८२ (Municipal Excellence Award 2082)'** प्राप्त गरी सुशासन, योजनाबद्ध विकास तथा उत्कृष्ट कार्यसम्पादनका क्षेत्रमा राष्ट्रिय सम्मान हासिल गरेको छ ।
- **वडा नं. १ लाई ISO 9001:2015 प्रमाणपत्र** प्राप्त गरी गुणस्तरीय, व्यवस्थित, पारदर्शी तथा नागरिकमैत्री सेवा प्रवाहको अभ्यासलाई संस्थागत गरिएको छ ।
- **कार्यपालिका, सुशासन तथा संस्थागत विकास समिति, Senior Management Team (SMT) तथा वडा सचिवहरूसँग नियमित समन्वय बैठकहरू** सम्पन्न गरी नीति, प्रशासन तथा सेवा प्रवाहसम्बन्धी विषयमा आवश्यक निर्णय तथा समन्वय गरिएको छ ।
- नगरपालिका तथा मातहतका कार्यालयहरूको **आ.व. २०८२/०८३ को जिन्सी निरीक्षण** सम्पन्न गरी कार्यालयगत सम्पत्ति तथा जिन्सी सामग्रीको अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिएको छ।
- जनप्रतिनिधि, महाशाखा/शाखा प्रमुख, अधिकृत, स्वास्थ्य तथा प्राविधिक, सहायकस्तर, नगर प्रहरी तथा नगरपालिका र सामूदायिक विद्यालयका श्रेणीविहीन कर्मचारीहरूका लागि **क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम** सञ्चालन गरी कार्यसम्पादन क्षमता, पेशागत दक्षता तथा सेवा प्रवाहमा सुधार गरिएको छ ।
- महालेखा परीक्षकबाट औँल्याइएका बेरुजुहरूको **सम्परीक्षण तथा फछ्यौंट कार्यलाई तीव्रता दिई गत आ.व.मा रु.२० करोड बराबरको बेरुजु फछ्यौंट** तथा **रु. १ करोड असुलउपर** गरिएको छ साथै चालु आर्थिक वर्षमा थप २ करोड बराबरको बेरुजु फछयौट गरिएको छ ।
- नगरपालिका तथा सामुदायिक विद्यालयहरूमा **विद्युतीय हाजिरी प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी** बनाइएको। साथै, सेवा प्रवाहको आवश्यकता र चापअनुसार **सार्वजनिक बिदाका दिनमा समेत कर्मचारी परिचालन** गर्ने व्यवस्था गरिएको छ ।
- नगर उपप्रमुखको संयोजकत्वमा **नियमित बजार अनुगमन** सञ्चालन गरी उपभोक्ता हित, खाद्य सुरक्षा तथा गुणस्तरीय वस्तु तथा सेवा सुनिश्चित गर्न आवश्यक सचेतना, कारबाही तथा सिफारिस गरिएको छ ।
- **अख्तियार दुरुपयोग अनुसन्धान आयोग, "हेलो सरकार" तथा सूचनाको हकसम्बन्धी प्राप्त उजुरी, गुनासो तथा पत्रहरूमा** आवश्यक छानबिन एवं प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा आवश्यक कारबाही तथा जवाफका लागि पत्राचार गरिएको छ ।

- नगरपालिकाका गतिविधि तथा सार्वजनिक सूचनाहरू **आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल, पत्रपत्रिका तथा अन्य सञ्चारमाध्यममार्फत नियमित रूपमा प्रकाशन तथा प्रसारण** गरी सूचना प्रवाह, पारदर्शिता तथा नागरिकको सूचनामा पहुँच अभिवृद्धि गरिएको छ।
- जेन्जी युवा पुस्ता, प्रबुद्ध समूह तथा सुरक्षा निकायका प्रमुखहरूसँग नगरपालिकाको शान्ति, सुरक्षा, सुशासन तथा समग्र हित र विकासका विषयमा नियमित बैठक तथा छलफल गरी आवश्यक समन्वय र सहकार्यलाई प्रभावकारी बनाइएको छ।
- राष्ट्रिय भूमि आयोगबाट स्थानीय तहका लागि प्रकाशित सूचना बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा प्राप्ति सम्बन्धी निवेदन मध्ये २०८३ बैशाख महिनामा खाली गरिएका भूमिहीन सुकुम्बासीहरुको बस्ती अन्तर्गत वडा नं, १०, १२ र ६ का भूमिहीन सुकुम्बासी ७१ वटा र अव्यवस्थित बसोबासी ५५ गरी जम्मा १२६ वटा निवेदन नगरपालिकाबाट पंजिकृत प्रक्रिया पुरा गरी भूमि समस्या समाधान समिति पठाइएको छ।

**सार्वजनिक जग्गा संरक्षणतर्फ**

- बुढानीलकण्ठ नगरपालिकालाई मालपोत कार्यालयबाट एकिकृत अभिलेख उपलब्ध भए बमोजिम नगरपालिकामा रहेको कुल सरकारी सार्वजनिक जग्गा जम्मा ७ हजार ६ सय ८० रोपनी मध्ये गत आ. व. सम्म ८ सय ५० रोपनी नापजाँच भएको र यस आ. व. को पहिलो त्रैमासिकमा जम्मा ४८ रोपनी सार्वजनिक जग्गा नापजाँच भई हाल सम्म नगरपालिका भित्र रहेको सार्वजनिक सरकारी जग्गा ८ सय ९८ रोपनी नापजाँच गर्ने कार्य गरिएको छ।
- गत आ. व. को आषाढ मसान्त सम्म ४३ स्थानको सार्वजनिक जग्गामा साइन बोर्ड राखिएको र आवश्यक स्थानमा ४९० थान फलामे पोल लगाई ७ स्थानमा तारबार सहित सार्वजनिक जग्गा संरक्षण कार्य गरिएको छ भने यस आ. व. को पहिलो त्रैमासिकमा वडा नं २ , ८ र ११ को विभिन्न स्थानमा १२ वटा साइन बोर्ड राख्ने कार्य सम्पन्न भई वडा नं ३, ६ र ११ को बिभिन्न स्थानमा ३० थान साईन बोर्ड राख्ने कार्य अगाडि बढाईएको छ।
- सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट प्राप्त भएको रुजुरी संख्या ४ र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय हेलो सरकारको जिल्ला प्रशासन कार्यालयबाट प्राप्त १ गरि कुल जम्मा ४ वटा मध्ये ३ वटा फर्छौट भएको र १ वटा बाँकि रहेको छ भने नगरपालिका मार्फत समितिमा प्राप्त हुन आएका अन्य उजुरी निबेदन सम्बन्धमा केहि उजुरी फर्छौट भएको र केहि फर्छौट हुने क्रममा रहेको छ।

**सूचना प्रविधितर्फ**

- नगरकार्यपालिकाको कार्यालय र मातहातका कार्यालय तथा सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली अनिवार्य रुपमा लागु गरिएको छ ।
- बुढानीलकण्ठ नगरपालिकामा घर नक्सा Digitalization कार्य भईरहेको तथा फाईलहरु Digital रुपमा भण्डारण कार्यलाई निरन्तरता दिईएको छ भने घर नक्सा पास लाई Online Digital Signature को प्रयोग गरी सेवालाई Digital Automation बनाईएको छ ।
- बुढानीलकण्ठ नगरपालिकामा मोवाइल एप, वेवसाइट, फेसबुक, Bulk SMS को माध्यमद्धारा सूचना संप्रेश्रण छिटो छरितो र प्रविधिमैत्री बनाइएको छ ।
- सुरक्षित नगर कार्यक्रम अन्तर्गत नेपाल पुलिस, वडा कार्यालय तथा टोल विकाससँगको सहकार्य तथा समन्वयमा नगरपालिकाका विभिन्न स्थानहरुमा ५ सय ६० ओटा सिसिटिभि जडान तथा उज्यालो नगर कार्यक्रम अन्तर्गत नगरका मुख्य सडकहरुमा १२ सय ६६ ओटा सडक बत्ती जडान गरिएको छ ।

**जनसंख्या तथा सामाजिक समावेशीकरण**

- अत्यावश्यक सहयोग सम्बोधन गर्न विपन्न संग उपमेयर कार्यक्रम मार्फत ६३ जनालाई आवश्यक सहयोग गरिएको छ । सहयोगापेक्षी सडक मानवमुक्त बुढानीलकण्ठ अभियान अन्तर्गत मानव सेवा आश्रम संगको सहकार्यमा हाल सम्म १४१ जनाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको छ।
- अपाङ्गता हक अधिकार प्रवर्धनका लागि सहकार्यमा पहुंचयुक्तता परीक्षण, विविध विषयमा क्षमता विकास र सीपमुलक तालिम, पारिवारिक अवस्था स्थिति तथा आवश्यकता संकलनका लागि डोर टु डोर भिजिट कार्यक्रम, अपाङ्गता पुर्व परीक्षणका लागि तथ्यांक संकलन, स्वास्थ्य शिविर, सहायक सामाग्री वितरण, अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकार (समावेशी शिक्षा) सुनिश्चतताका लागि कक्षा सञ्चालन, १० जना शिक्षक हरुलाई शैक्षिक सामाग्री निर्माण तालिम साथै अटिजम भएका बालबालिकालाई लक्षित गरि वडा नं.६ मा विद्यालय भवन निर्माणको कार्य अगाडि बढाइएको छ ।
- दलित वर्गका ४४ जना उद्धमीहरुलाई साझेदारीमा मेशिन उपकरण उपलब्ध गराइ व्यवसाय प्रवर्धनमा सहयोग प्रदान गरिएको छ ।

- यस नगरपालिकाबाट आ.व २०८२/८३ मा ७ सय १४ वटा जन्म दर्ता, ३ सय ४० मृत्यु दर्ता, ९४ सम्बन्ध बिच्छेद, ४ सय ४९ विवाह दर्ता, २ हजार ६ सय ४० जना बसाइसराई आएका र २ सय ६९ जना बसाईसराई गएका छन।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाबाट व्यक्तिगत घटना दर्ता बारे विभिन्न माध्यमबाट जानकारी, नयां नाम दर्ता लगत कटाका साथै द्धिविधा परेकोमा सम्बन्धित निकायको समन्वयमा समस्या समाधान र अभिलेख अद्यावधिक गरिएको छ।
- वडा कार्यालयको समन्वयमा कार्यालयमा आउन समस्या भएका लाभग्राहीहरुको घर/टोलमा गई भत्ता नवीकरण कार्य सम्पन्न गरिएको तथा EFT प्रणाली मार्फत सामाजिक सुरक्षा भत्तामा सहज पहुंच पुयाइएको छ। आ.व २०८२/८३ मा ५ हजार ३ तीन ६७ जना लाभग्राहीहरु लाई २३ करोड ४३ लाख ५८ हजार ९ सय ७२ रुपैयाँ सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ।
- ज्येष्ठ नागरिक, अशक्त, अपांगता भएका व्यक्ति हरुलाई प्राथमिकतामा राखि दैनिक रुपमा राष्ट्रिय परिचय पत्र विवरण संकलन तथा कार्ड वितरण को कार्य भैरहेको साथै बुढानीलकण्ठ नगरपालिकाको स्टेशन मार्फत आ.व २०८२/०८३ मा १३ हजार २ सय २१ जना लाभग्राहीको राष्ट्रिय परिचयपत्र विवरण संकलन भएको छ।

**शिक्षा, युवा तथा खेलकुद**

- गत आ व २०८२।८३ मा बालबालिका, युवा, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै वर्ग र समुदायका नागरिकलाई पुस्तक, पत्रपत्रिका तथा अन्य पठन सामग्रीमा पहुँच उपलब्ध गराउने उदेश्यले नगर पुस्तकालयको स्थापना गरिएको छ।
- आ.व. २०८२/८३ मा ८ वटा विद्यालयमा स्कुल टु वर्क ट्रान्जिसन कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रम, शिक्षकहरुका लागि शिक्षक मेन्टरिङ तथा शिक्षक क्षमता विकास लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- नगरभित्रका युवाहरूलाई एकै थलोमा भेला गराई उनीहरूको क्षमता, सोच र सहभागितालाई नगरको समग्र विकास प्रक्रियामा जोड्ने उदेश्यले आ.व. २०८२/८३ मा युवा सम्मेलन तथा ए आई कन्फ्रेन्स कार्यक्रम सम्पन्न गरिएको छ।
- चालु शैक्षिक सत्र २०८३ मा गणित विषयको न्यूनतम् सिकाइ उपलव्धी ८० प्रतिशत हासिल गर्नेगरी गणित शिक्षण सुधार वर्ष घोषणा गरिएको छ भने नगरपालिका भित्रका ४ वटा विद्यालयका ४ वटा कक्षामा १००+ नतिजा हासल गर्नेगरी प्रतिभा विकास कक्षा सञ्चालन गरिएको छ।

- संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई पारदर्शी र आवश्यकतामा आधारित बनाई ३ हजार ७ सय ५० जनालाई छात्रवृत्ति प्रदान गरिएको छ।

**स्वास्थ्य**

- आ.व २०८२/८३ मा जनस्वास्थ्य महाशाखाबाट देहायबमोजिमका अभिमुखीकरण तथा सचेतना कार्यक्रम सम्पन्न भएका छन।
    - जैविक प्रतिरोधात्मक (Anti Microbial Resistance) Rational Use Of Drug सम्बन्धी सचेतना कार्यक्रम
    - स्वास्थ्य भान्छा कार्यक्रम अन्तर्गत महिला सञ्जाल, घरेलु श्रमिक, होटेल व्यवसायी, गृहिणीहरुलाई सचेतना सम्बन्धी कार्यक्रम
    - स्वास्थ्यकर्मिहरु, विद्यालय नर्स, महिला स्वास्थ्य सामुदायिक स्वयम सेविका, सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा स्वास्थ्य पढाउने शिक्षकहरुटोल सुधार , समितिका अध्यक्ष तथा सदस्य,मनोविमर्शकर्ता, महिला संजाल ,बाल क्लब तथा उद्योग कलकारखानाका श्रमिकहरुलाई जलन सम्बन्धि रोकथाम तथा प्राथमिक उपचार सम्बन्धि अभिमुखीकरण कार्यक्रम साथै लक्षित वर्गका समुदायहरुलाई स्वास्थ्य सम्बन्धी अभिमुखीकरण।
    - नगर तथा समुदायस्तरमा ५ सय ३५ जनामा बृहत मनोसामाजिक स्वास्थ्य सचेतना कार्यक्रम तथा ७७० जना ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम गरी हाते पुस्तिका वितरण कार्य गरिएको छ।
- पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप अभियानमा नगरपालिका अन्तर्गतका १ हजार ९ सय ६३ जना किशोरीहरुलाई खोप प्रदान गरिएको छ।
- आ.व. २०८२/८३ मा बुढानीलकण्ठ नगरपालिका अन्तर्गतका ११ वटा स्वास्थ्य संस्थाहरुबाट नसर्ने रोग सम्बन्धी पूर्व परिक्षण शिविर (Screening Camp) संचालन गरिएको साथै क्षयरोग सम्बन्धी जाँच पड्ताल कार्यक्रम अन्तर्गत १ हजार ५ जनामा छातीको X-Ray Camp गरिएकोमा ३ जना विरामीको पहिचान भएकोमा पहिचान भएका विरामीलाई उपचार गरिएको छ।
- नगरपालिका अन्तर्गतका १८० जना सुत्केरी महिलाहरुले नगरपालिकाबाट जनही रु.३ हजार १ सय पोषण भत्ता प्राप्त गरेका तथा ९ हजार ७ सय ३४ जना बाल बालिकालाई खोप केन्द्र मार्फत खोप सेवा प्रदान गरिएको छ।
- २ हजार ३ सय ५६ जना ज्येष्ठ नागरिकलाई न्युमोकोकल भ्याक्सिन प्रदान गर्न आवश्यक प्रक्रिया अगाडी बढाईएको छ।

## नगरअस्पताल

- सेवाग्राहिबाट निरन्तर रुपमा सेवाको माग भएको Video X-Ray सेवालाई मिति २०८३ असार १२ गतेबाट दैनिक रुपमा सञ्चालन गर्न थालिएको र हाल सम्म ३ सय ४४ सेवाग्राहिहरुलाई उक्त सेवा प्रदान गरिएको छ।
- अस्पतालबाट बर्थिङ सेवा उपलब्ध गराउनका लागि बर्थिङ कक्षका लागि आवश्यक उपकरण र जनशक्तीको व्यवस्थापन गरी मिति २०८२ मंसिर ९ गतेबाई बर्थिङ सेवा सञ्चालन भई हाल सम्म २२ जना सेवाग्राहिहरुलाई सेवा उपलब्ध गराइएको छ।
- यस अस्पतालबाट २ दिन सञ्चालन हुँदै आएको अर्थोपेडिक सेवालाई सेवाग्राहिबाट नियमित रुपमा संचालनका लागि माग भए बमोजिम उक्त सेवालाई हप्तामा ५ दिन (शुक्रबार) बाहेक दैनिक रुपमा सञ्चालन गरिएको छ।
- अस्पतालमा बर्थिङ सेवा सञ्चालन गरिएको र बालरोग विशेषज्ञ सेवा समेत संचालनका लागि माग हुँदै आएकोमा हप्ताको १ दिन बुधबार बालरोग विशेषज्ञबाट उक्त सेवा सञ्चालन गरिएको छ
- यस अस्पतालमा उपचारका लागि आउने सेवाग्राहिहरुको शिघ्र र आधाभुत सुविधा सहितको एम्बुलेन्स सेवा १ वटा संचालन गरिएकोमा २४ सै घण्टा सेवा दिने गरी हाल २ वटा एबुलेन्सको परिचालनबाट सेवा उपलब्ध गराइएको छ।
- नागरिकहरुको स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै नि: शुल्क रुपमा स्वास्थ्य परीक्षण र उपचारका लागि मोतिविन्दुको अपरेसन सहितको आँखा शिविर, छालारोग सम्बन्धी परीक्षण, क्षयरोग छाती Screening को साथै नगरपालिका अन्तर्गतका किसानहरुको लागि निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिएको छ।
- चालु आ.व २०८३/८४ मा MDGP (Doctor of Medicine in General Practice) को सेवा सञ्चालनका लागि आवश्यक तयारी गरिएको छ भने सार्वजनिक विदाको दिन (आइतबार) समेत अस्पतालबाट नियमित OPD सेवा सञ्चालन हुदै आएको छ।

## पुर्वाधार तथा योजना तर्फ

- आ.व.२०८२/८३ मा उपभोक्ता समितिबाट सञ्चालन हुने गरी वडास्तरीय १ सय १८ वटा, नगरस्तरीय ४३ वटा, संघीय/प्रदेश सरकारबाट हस्तान्तरित १८, सहलगानीका १७ वटा, कार्यपालिका बैठकबाट स्वीकृत/संशोधन भएका ८५ वटा गरी जम्मा २ सय ८१ ओटा आयोजनाहरु सम्झौता भई कार्यान्वयन भएका छन्।

- चालु आर्थिक वर्ष ०८३।८४ को नीति, योजना तथा बजेट निर्माण कार्यमा अधिकतम जनसहभागिता सुनिश्चित गर्न सरोकारवाला पक्षसँग विभिन्न चरणमा राय सुझाव संकलन गरी नगरसभाको १८ औँ अधिवेशन जेठ २५ गते सुरु भई असार ११ गते सम्पन्न गरियो। साथै आर्थिक वर्ष ०८३।०८४ को नीति तथा कार्यक्रम, वार्षिक नगर विकास योजना तथा बुढानीलकण्ठ नगरपालिकाको विगत आर्थिक वर्षको समष्टिगत प्रगति विवरण सहितको आर्थिक सर्वेक्षण पुस्तक असार ३२ गते सार्वजनिक गरी वितरण कार्य सम्पन्न गरिएको छ।
- बुढानीलकण्ठ नगरपालिका अन्तर्गत सञ्चालन गरिने पूँजीगत तर्फका आयोजना तथा कार्यक्रमहरु आ.व २०८२/८३ देखि योजना अभिलेख प्रणाली मार्फत कार्य गर्ने गरी लागु गरिएको छ भने चालु आ.व २०८३/८४ देखि चालु खर्च तर्फका योजना तथा कार्यक्रमलाई योजना अभिलेख प्रणालीमा आवद्ध गरी डिजिटल हस्ताक्षर गर्ने गरी प्रक्रिया अगाडी बढाईएको छ।
- आ.व. २०८२/८३ मा आयोजनाको पूर्ण संरक्षण, नियमित मर्मत सम्भारका लागि उपभोक्ता समिति मार्फत आ.व २०८१/८२ मा सञ्चालन तथा सम्पन्न भएका रु. २० लाख देखि माथिका ६५ वटा आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिएको छ।
- बुढानीलकण्ठ नगरपालिकाको वार्षिक नगर विकास योजना आ.व २०८२/८३ मा समावेश भई उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको सम्झौता प्रक्रिया सहज, सरल, छिटो गराउने उदेश्यले विभिन्न मितिमा १३ वटा वडाहरुमा योजना सम्झौता घुम्ती सेवा कार्यक्रम सम्पन्न गरिएको छ।
- चालु आ.व. २०८३/८४ मा उपभोक्ता समितिबाट सञ्चालन हुने गरी २६ ओटा र कोटेशन मार्फत ३९ ओटा गरी जम्मा ६५ ओटा आयोजनाहरु सम्झौता भई कार्यान्वयन भईरहेकोमा २ ओटा आयोजना सम्पन्न भएका छन् साथै नगरस्तरीय अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन समितिबाट आ.व २०८३/८४ मा जम्मा ५१ वटा आयोजनाहरु अनुगमन भई भुक्तानीका लागि सिफारिस भएको छ।
- आ.व २०८२/०८३ मा House Numbering GIS सम्बन्धी खरिद सम्झौता भई GIS Map तयार गर्नका लागि Drone Survey, तथ्यांक संकलन, वडा तहमा पहिलो चरणको छलफल भई कार्य प्रक्रिया अगाडी बढाईएको छ।
- यस बुढानीलकण्ठ नगरपालिकाको खरिद शाखा अन्तर्गत आ.व २०८२/०८३ मा विद्युतिय प्रणाली (e-gp) मार्फत निर्माण तर्फ ३५, सामाग्री तर्फ ११, परामर्श सेवा तर्फ १ र अन्य सेवा ३

गरी जम्मा ५० वटा बोलपत्र मार्फत ठेक्का आह्वान भई खरिद कार्यका लागि सम्झौता गरिएको र त्यसैगरी चालु आ.व मा निर्माणतर्फ ५, सामाग्री तर्फ २ र अन्य १ गरी ८ वटा बोलपत्र विद्युतिय प्रणाली (e-gp) मार्फत ठेक्का आह्वान गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रणालीमा आएको समस्याका कारण समयावधी थप गरिएको छ।

- सबै प्रकारका खरिद प्रक्रियालाई पूर्ण प्रतिष्पर्धात्मक तरिकाले बोलपत्र मार्फत खरिद व्यवस्थापन गरिएको छ।

**विपद् व्यवस्थापनतर्फः**

- मनसुनजन्य विपद् घटनामा उद्धार तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले नगरपालिकामा गठन भएको Rapid Response Team (RRT) लाई परिचालन गर्ने गरिएको छ।
- आ.व. २०८३/०८४ हालको मिति सम्ममा विभिन्न किसिमका मनसुनजन्य विपद् जस्तै बाढी, पहिरो डुबानका लगायत आगलागीका घटनाहरुमा ४५ वटा त्रिपाल , १ हजार ८०० मी. प्लास्टिक र ५०० थान बोरा वितरण गरिएको छ।
- बुढानीलकण्ठ नगरपालिकाबाट मिति २०८३ साउन १ देखि हालसम्म विपद्बाट क्षति भएका निवेदनहरुको सम्बोधन गरी राहत वितरण गर्न तथा क्षतिग्रस्त स्थानहरुमा मर्मत कार्य गर्न विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण कोषबाट ७२ लाख ६७ हजार ६ सय रुपैयाँ खर्च गर्ने गरी स्वीकृत भएको छ।
- धोविखोलामा बाढिको पुर्वानुमान गर्ने प्रणाली Early Warning System जडान गर्ने सम्बन्धमा अध्ययन सुरु गरिएको छ।
- विपद पूर्वतयारी र प्रतिकार्यका लागि प्रत्येक वडाबाट प्रतिनिधित्व रहने गरी विपद स्वयंसेवक निर्माण गरी परिचालन गर्ने कार्य सुरु गरिएको छ।

**वातावरण तथा सरसफाईतर्फ**

- **"आहा बुढानीलकण्ठ"** अभियान अन्तर्गत मुख्य सडक, करिडोर तथा सार्वजनिक स्थानमा नियमित सरसफाई, वृक्षरोपण, बिरुवा संरक्षण, गोडमेल, मलजल तथा ट्री–गार्ड व्यवस्थापन गरी नगरको सौन्दर्यीकरण तथा हरित वातावरण प्रवर्द्धन कार्यलाई निरन्तरता दिइएको छ।
- रुद्रमती, धोविखोला तथा सहायक खोलाको आसपास नियमित सरसफाई, फोहोर तथा अवरोध हटाउने कार्य, किनार क्षेत्र व्यवस्थापन र हरित करिडोर विकासका कार्यहरू सञ्चालन गरिएको
- **वातावरणीय सचेतना तथा स्वच्छता प्रवर्द्धन कार्यक्रम अन्तर्गत** सार्वजनिक स्थानको सरसफाई, विद्यालय तथा समुदायमा वातावरणीय सचेतना, प्लास्टिक न्यूनीकरण र स्वच्छता सम्बन्धी

अभियान सञ्चालन गरी **"स्वच्छ, शान्त, समृद्ध–पर्यटकीय नगर बुढानीलकण्ठ"** निर्माणमा प्रयासरत रहेको छ ।

- Electronic Incinerator मार्फत आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

**न्यायिक समितितर्फ**

- आ.व. २०८२/८३ मा न्यायिक समितिमा दर्ता भएको जम्मा १०३ वटा मुद्दा मध्ये मिलापत्र ३३, निर्णय १६, अदालतमा पठाइएको १४, डिसमिस १३, मुल्तवी २, मुद्दा फिर्ता-२, तामेली-२, र २२ वटा मुद्दा अल्या गरिएको छ भने चालु आ.व. मा जम्मा ४२ वटा मुद्दा दर्ता भएकोमा हालसम्म मिलापत्र-४, निर्णय-३, तामेली-१, अदालतमा पठाइएको २ र विचाराधिन अवस्थामा ३४ वटा रहेका छन् ।
- न्यायिक समितिबाट निशुल्क कानुनी परामर्श प्रदान, फिल्ड निरीक्षण, लैङ्गिक हिंसा पिडितलाई आर्थिक सहायता, घरेलु हिंसा, बालबालिका, जेष्ठ नागरिक र श्रमिकलाई फिराद दस्तुर निशुल्क, नागरिकसँग न्यायिक समिति कार्यक्रम गरिएको छ भने न्यायिक समितिको मिसिललाई डिजिटाईजेशन गरी अभिलेखन गरिएको छ ।
- नगरपालिकाले २०७५ सालदेखि हालसम्म ऐन-४६, नियमावली-५, कार्यविधि-६७, निर्देशिका-७, आचारसंहिता-३ र मापदण्ड १ गरी जम्मा १२९ थान कानुन निर्माण गरि कार्यान्वयनमा ल्याएको छ ।

**राजस्व तर्फ**

- महालेखा नियन्त्रक कार्यालयद्वारा विकास गरिएको **SuTRA Revenue Module** को पूर्ण प्रयोग सुचारू गरिएको छ । जसले नगद कारोबारका साथै Online Payment तथा QR Code, बैङ्क चेक, बैङ्क भौचर लगायत माध्यमबाट राजस्व बुझाउन सहजता ल्याएको छ।
- आ.व. २०८१/०८२ मा सबैभन्दा बढी सम्पत्ति कर तिर्ने करदाता (संस्थागत तथा व्यक्तिगत तर्फ पुरूष र महिला) लाई सम्मान गरिएको छ ।
- करको दायरामा नआएका करदाताहरूलाई करको दायरामा ल्याउनको लागि अनुगमन तथा निरीक्षण कार्यक्रम अन्तर्गत पहिलो चरणमा संस्थागत विद्यालयहरूको अनुगमन तथा निरीक्षणको कार्य सञ्चालन गरिएको छ सो कार्यक्रमलाई चालु आ.व. मा समेत निरन्तरता दिइएको छ ।

- करदाता शिक्षा, सचेतना तथा राजस्व सम्बन्धी प्रचारप्रसारका लागि मुख्य मुख्य चोक/बजार क्षेत्रमा माईकिङ, पर्चा/ब्रोसर वितरण, स्थानीय अनलाईन मिडिया तथा न्यूजपोर्टल र सामाजिक सञ्जाल मार्फत समेत प्रचार प्रसारका साथै करदाता शिक्षा तथा सचेतना सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

**उद्योग पर्यटन क्षेत्रतर्फः**

- बुढानीलकण्ठ नगरपालिका वडा नं ५ स्थित डाँडागाउँमा पर्यटकका लागि विश्रामस्थल सहितको सनसेट भ्यु पोइन्ट निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको ।
- नगरपालिका भित्रका उद्योगी व्यवसायी, होटेल, रेष्टुरेन्ट सञ्चालकहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- पर्यटन प्रवर्द्धनका लागि सामुहिक हाइकिङ्ग कार्यक्रम अन्तर्गत नगरपालिका प्राङ्गण देखि जगडोल तारेभिर हुँदै नारायणस्थान मन्दिरसम्म सामुहिक पदयात्रा कार्यक्रमको साथै घुमौँ बुढानीलकण्ठ अभियान अन्तर्गत बुढानीलकण्ठ देखि बागद्वारसम्म सामूहिक पदयात्रा कार्यक्रम सञ्चालन गरिएको छ ।
- ६० वटा स्टलहरुबाट विभिन्न स्थानीय खाजाका परिकारहरुको उपलब्धता सहित स्थानीय तथा राष्ट्रिय कलाकारहरुबाट निरन्तर मनोरञ्जनात्मक साँगितिक कार्यक्रम सञ्चालनका साथ ३ दिने स्ट्रीट फुड फेस्टीभल सम्पन्न गरिएको छ ।
- पर्यटन प्रवर्द्धनका लागि संघ संस्थासँग समन्वय तथा सहकार्य अन्तर्गत ६ वटा देशबाट सहभागी कलाकारहरुलाई नगरपालिकामा स्वागत, विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण तथा कला संस्कृतिको प्रस्तुती सहित १३औ अन्तराष्ट्रिय लोक साँस्कृतिक कार्यक्रम सम्पन्न गरिएको छ ।
- नगरपालिकाभित्रका पर्यटकीय सम्भाव्यताका विषयमा खुला आह्वान सहित भिडियो च्यालेन्ज प्रतियोगिता सम्पन्न गरिएको छ।
- नगरको पर्यटन प्रवर्धनमा सहयोग पुऱ्याउने उद्देश्यले **"घुमौ बुढानीलकण्ठ"** नामक पुस्तक प्रकाशन गरिएको छ भने बुढानीलकण्ठ शिवपुरी क्षेत्रमा पाईने चरा तथा पुतलीको अध्ययन अभिलेखिकरण र प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ ।
- विभिन्न वडामा लघु उद्यम समूह गठन, उद्यमशीलता विकास तालिम प्रदान, प्राविधिक सीप विकास तालिम, लघु उद्यमीहरुलाई वित्तिय साक्षरता तथा बजारीकरण सम्बन्धी प्रशिक्षण,

ड्रेस डिजाईन तालिम सञ्चालन, प्रविधि हस्तान्तरण अन्तर्गत विभिभन्न मेसिन तथा उपकरण हस्तान्तरण गरिएको ।

**रोजगार तथा श्रम डेस्कतर्फ**

- आ.व. २०८२/८३ मा नगरपालिकाभित्रका बेरोजगार ब्यक्तिहरुलाई लक्षित गरी १८ जनालाई १ महिने अल्लो कपडा बुनाइ र २० जनालाई १५ दिने उन हस्तकला सम्बन्धी सीपमूलक तालिम, श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्न श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी अभिमुखीकरण, बुढानीलकण्ठ नगरपालिकाभित्रका सार्वजनिक यातायातका चालक तथा सहचालकहरुलाई सडक सुरक्षा, शिष्टाचार एवं संस्कारयुक्त मानवीय व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको छ ।
- अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गरी प्रत्येक वडाबाट १ जना गरी जम्मा १३ जना अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ ।
- बुढानीलकण्ठ श्रम डेस्कमा पञ्जीकरण भएका श्रमिकहरुको तथ्याङ्क व्यवस्थापनका लागि श्रम बजार व्यवस्थापन प्रणालीको मर्मत गरी श्रम रोजगार बैंकको स्थापना गरिएको छ ।
- आ व. २०८३/०८४ .मा_अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई औपचारिक तथा स्वरोजगार क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले १५ जनालाई ४५ दिने कपडा बुनाइ र २० जनालाई २० दिने परालबाट बन्ने हस्तकला सम्बन्धी तालिम सञ्चालनको सूचना प्रकाशन गरी कार्यान्वयनको चरणमा रहेको छ ।

**सहकारीतर्फ**

- नगरपालिका अन्तर्गतका सम्पूर्ण सहकारीहरुलाई goAML System मा आवद्ध गरी सबै सहकारीलाई राष्ट्र बैंकबाट नियमन गर्ने गरी प्रक्रिया अगाडी बढाइएको छ ।
- हरेक वर्ष सहकारी दिवशको अवसरमा सहकारी दर्पण प्रकाशन मार्फत नगरपालिका अन्तर्गतका सहकारीहरुको वित्तीय विवरण सार्वजनिक गर्ने गरिएको साथै सहकारीका पदाधिकारीहरुलाई विभिन्न तालिम लगायत क्षमता विकास कार्यक्रमको साथै नगरपालिकाबाट समेत सहकारीको अनुगमन गरी नियमन गर्ने गरिएको छ ।

**कृषि क्षेत्रतर्फ**

- कौसी खेती गर्ने ५० वटा कृषक समूह तथा अन्य कृषकलाई  निःशुल्क उन्नत हिउँदे/वर्षे तरकारीको वीउ, ५० जना कृषक/कृषक समुह/कृषि सहकारीलाई २ हजार ६ सय केजी अदुवा ६ सय ३० के.जी बेसार, ५० प्रतिशत अनुदानमा २ हजार ५ सय केजी प्राङ्गारिक मल तथा भर्मीक कम्पोष्ट मल, २ सय ८७ थान स्टूयाण्ड वितरण गरिएको छ।
- खाद्यान्न वाली उत्पादन गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा २५ सय के.जी उन्नत गहुँको वीउ वितरण गरिएको छ।
- व्यावसायीक तरकारी खेती गर्ने कृषक तथा कृषि समुहलाई ५० प्रतिशत अनुदानमा २७ रोल यू.भि.प्लाष्टिक वितरण गरिएको र ५० प्रतिशत अनुदानमा १६ जना कृषकलाई मिनि टिलर (हाते ट्र्याक्टर) वितरण गरिएको छ।
- वडा नं ६, ११ र १३ मा वाली उपचार शिविर संचालन गरेको, १ सय ३५जना कृषकको बिभिन्न वालीमा देखापरेका समस्याहरुको स्थलगत रुपमा बिज्ञहरु मार्फत परामर्श सेवा प्रदान गरिएको छ।  आकस्मिक वाली संरक्षण सेवा अन्तरगत नमूनाको आधारमा फिल्ड अनुगमन गरी ३ सय ५० जना कृषक लाई निःशुल्क जैविक/रासायनिक विषादी वितरण गरिएको छ।
- आ.व २०८२/८३ मा १३ वटा वडाका सहभागीका लागि १५ वटा कौशी खेती तालिम सञ्चालन गरिएको र ३ सय २५ जना सहभागीलाई कोकोपिट ग्रोव्याग, भर्मिक कम्पोष्ट सिडलिङ्ग ट्रै हजारी वितरण गरिएको छ।
- आ.व. २०८२/८३ मा स्कुल शिक्षा कार्यक्रम अन्तर्गत ३ वटा विद्यालयमा कक्षा ९ र १० विद्यार्थीहरुलाई खाद्य सम्प्रभुता अधिकार तथा विषादीको न्यूनिकरण सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- चालु आ.व २०८३/०८४ मा कौशी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत  ५० प्रतिशत अनुदानमा ग्रो ब्याग,  कोकोपिट स्प्रे वितरण वितरण भइरहेको छ भने कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ३ रोपनी क्षेत्रफलको लागि मिनि टिलर वितरण हुने क्रमममा रहेको छ।
- चालु आ.व मा तरकारीको उन्नत बीउ कम्पोजिट प्याकेट निशुल्क रुपमा वितरण कार्य सम्पन्न गरिएको छ भने ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण  हुने क्रममा रहेको र फोहोर व्यवस्थापन न्यूनिकरणका लागि ५० प्रतिशत अनुदानमा कम्पोष्ट विन वितरण बितरण भइरहेको छ।

## पशु क्षेत्रतर्फ

- आ.व २०८२/८३ मा अपाङ्ग तथा असहाय विपन्न वर्ग तथा द्धन्द पिडित १४४ घर परिवार तथा स्थानीय महिलाहरुको आय आर्जन तथा पोषणमा सुधारको लागि ३२८ घर परिवारलाई लोकल कुखुरा चल्ला साथै पशु व्यवसाय यान्त्रीकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा ५६ जना कृषकलाई १४६ वटा काउम्याट वितरण गरिएको छ ।
- ५० प्रतिशत लागत साझेदारीमा घर पालुवा कुकुर/विरालो बन्ध्याकरण कार्यक्रम, सामुदायिक बहर तथा घरमा पालिएका बहरहरुको व्यवस्थापन कार्यक्रम सम्पन्न भएको छ । त्यस्तै गरी मृत पशु व्यवस्थापन कार्यक्रम, सामुदायिक कुकुर बन्ध्याकरण खोप तथा व्यवस्थापन कार्यक्रम, कृषि तथा पशुपन्छी सम्बन्धी स्कुल शिक्षा कार्यक्रम तथा गाई, भैसी, बाख्राका लागि विभिन्न भ्याक्सिनेशन तथा खोप सेवा कार्यक्रम सम्पन्न गरिएको छ ।
- आ.व २०८२/८३ मा रेविज लगायत विभिन्न दिवसीय कार्यक्रम अन्तर्गत १हजार ४ सय ३ सामुदायिक कुकुरलाई रेबिज बिरुद्ध खोप प्रदान गरी घुम्ती सेवा कार्यक्रम सम्पन्न गरिएको छ ।
- घर पालुवा कुकुर बिरालोको दर्ता तथा खोप घरदैलो कार्यक्रम, पशुपन्छी उपचार तथा परामर्श सेवा कार्यकम  नियमित रुपमा सञ्चालन गर्रिँदै आएको छ

**साथै अन्त्यमा,**

चालु आ.व.मा नगरपालिकाले गौरवको रुपमा छनौट गरेका १४ आयोजनाहरु मध्ये House Numbering, उज्यालो नगर कार्यक्रम, खानेपानी बोर्ड, कपन ह्याण्डबल निर्माण, बसपार्क लगायतका ८ ओटा आयोजनाहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी गराउदछु । साथै यस सार्वजनिक सुनुवाई तथा सुझाव संकलन कार्यक्रममा अमुल्य र रचनात्मक सुझावको अपेक्षा राख्दछु ।

**धन्यवाद**